
हतुवागढी गाउँपालिकाको

# शैक्षिक गुणस्तर सुधार मार्गचित्र २०७९




**प्रकाशक**

**हतुवागढी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय,घोडेटार, भोजपुर**

**कोशी प्रदेश,नेपाल**

**निर्माण कार्यदल**

- प्रेम कुमार राई, गाउँपालिका अध्यक्ष
- सुनिता किराँती, गाउँपालिका उपाध्यक्ष
- महेश निरौला, प्रमुख प्रशासकीय अधिकृत
- श्री डिल्लीराम आचार्य, शिक्षा अधिकृत
- श्री प्रकाश वान्तवा, शिक्षक, श्री सगरमाथा माध्यमिक विद्यालय
- श्री तारानाथ पराजुली,  शिक्षक, श्री सगरमाथा माध्यमिक विद्यालय

**प्राविधिक सहयोगकर्ता**

- श्री योगेन्द्र चापागाईं, शिक्षा, अनुसन्धान तथा विकास विज्ञ

**प्रकाशक** : हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घोडेटार

**सर्वाधिकार** : प्रकाशकमा सुरक्षित

**मुद्रण** :

**पहिलो प्रकाशन मिति** : २०७९ चैत्र २५ गते

हतुवागढी शैक्षिक गुणस्तर सुधार मार्गदर्शन २०७९

## विषय सूची


पृष्ठभूमि ........................................................................................1

उद्देश्य ........................................................................................2

प्रक्रिया........................................................................................2

प्रतिवद्धता ........................................................................................3


हत्तुवागढी शैक्षिक गुणस्तर सुधार मार्गदर्शन २०७९

## पृष्ठभूमि

शिक्षा सामाजिक तथा आर्थिक रुपान्तरणको मूल आधार हो। शिक्षाको माध्यमबाट नै व्यक्तिले आफु, आफ्नो समुदाय र राष्ट्रको परिवर्तनको लागि सशक्त भूमिका खेल्न सक्छ । त्यसैले नै, समाज रुपान्तरण तथा परिवर्तन, सामाजिकीकरण, सामाजिक न्याय, शान्ति स्थापनाको आधारका साथै आर्थिक वृद्धि तथा वातावरणीय संरक्षणको एक प्रभावशाली शक्ति, उत्प्रेरक, माध्यमका रुपमा शिक्षा रहदै आएको छ। शिक्षाको राष्ट्र निर्माण तथा विकासको लागि चाहिने मानव संसाधनको विकासमा अहम् भूमिका रहेको छ। गाउँपालिकाको शिक्षा विकास नै समग्र गाउँ विकासको एक प्रमुख आधार हो।

नेपालको वर्तमान संविधानले आधारभूत तह सम्मको शिक्षालाई अनिवार्य र निःशुल्क गरेको छ भने माध्यमिक तह सम्मको शिक्षालाई निःशुल्क गर्ने हकको सुनिश्चत गरेको छ । त्यसैगरी, अपाङ्गता भएका तथा आर्थिक रुपले पिछाडिएका बालबालिकाहरुको शिक्षामा कानुन बमोजिम निःशुल्क गर्ने कुराको समेत सुनिश्चित गरेको छ ।संघीय स्वरुपको राज्य व्यवस्था भए अनुरुप तीनै तहका सरकारहरु स्थापना भइ क्रियाशिल अवस्थामा छन् । सबै सरकारहरुका आ-आफ्ना परिवेश भए अनुरुप र प्राप्त अधिकार बमोजिम शिक्षा क्षेत्रलाई फरक ढङ्गबाट सम्बोधन गर्नुपर्ने अवस्था सिर्जना भइसकेको छ। तीनै तहका सरकारहरुले समन्वयात्मक ढंगबाट शिक्षा क्षेत्रको विकासको लागि योजना बनाइ परिवर्तित मर्म र गन्तव्यहरुलाई उक्त योजनामा प्रतिबिम्वित गर्दै राष्ट्रले लिएका लक्ष्यहरु पुरा गर्नु आजको आवश्यकता हो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेत ६ (२४) मा योजना तयारीको सन्दर्भमा नीतिगत व्यवस्था भएको छ। जसमा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक, बार्षिक, क्षेत्रगत योजनाहरु बनाउनुपर्ने, यसरी योजना बनाउँदा संघ र प्रदेश सरकारको नीति, लक्ष्य तथा उद्देश्यसँग तादात्म्यता कायम गर्नुपर्ने, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, विपद् व्यवस्थापन, सुशासन आदि विषयलाई ध्यान दिनुपर्ने, छिटो र उच्च प्रतिफल दिने, रोजगारीमूलक, दीगो एवं सामाजिक न्याय अभिवृद्धि गर्ने विषयलाई प्राथमिकता दिने, स्थानीय तहले मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गर्नुपर्ने,सहभागितामूलक योजना तर्जुमाको पद्धति अवलम्बन गर्ने र सरोकारवालाहरुको अधिकतम सहभागिता सुनिश्चित गर्नेजस्ता विषयहरुका विषयमा नीति भए बमोजिम नै क्षेत्रगत योजना तयार गर्नु नीतिगत व्यवस्था छ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ अधिकारहरुको व्यवस्थाको प्रभावकारी कार्यान्वनयका साथै, नेपाल सरकारले तय गरेका शिक्षा क्षेत्रको १० बर्ष योजना, शिक्षा नीति २०७६, विद्यालय सबलीकरण दशक (२०७६ -२०८५), १५ वर्षे दिगो विकासको लक्ष्य, १५ औं आवधिक योजनाले तय गरेका लक्ष्यहरु पुरा गर्नका लागि र त्यसको कार्यान्वनयमा पनि स्थानीय सरकारले सहयोग, समन्वय तथा आत्मीकरण गर्नु आवश्यक रहेको छ। त्यसैगरी सन् २०३० सम्म प्राप्त गर्ने भनेर तय भएको १७ वटा दिगो विकासका लक्ष्यहरु मध्ये लक्ष्य नं ४ मा सबैका लागि समावेशी र समतामुलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरु प्रोत्साहित गर्ने लक्ष्य निर्धारण गरेको छ। जसको लागि ७ उदेश्य तथा ३ माध्यमहरु तय गरेको छ। त्यसको साथै यस गाउँ पालिकाले पनि समग्र पालिकाको विकास र परिवर्तनका लागि केहि सोच, लक्ष्य, उदेश्यसहित शिक्षा

क्षेत्रको योजन तयार गरिएको थियो। उक्त योजना अनुरुपमा यो शैक्षिक गुणस्तर सुधार मार्गचित्र २०७९ तयार गरिएको छ।

यस हतुवागढी गाउँपालिकाको जनगणना २०७८ अनुसार कुल जनसङ्ख्या १६१७५ रहेको छ। जसमध्ये पुरुषको प्रतिशत ४९.३ रहेकोमा महिलाको प्रतिशत ५०.७ रहेको छ। त्यसैगरी लैगिंक अनुपत ९७.२३ रहेको छ। त्यसैगरी यस गाउँपालिकाको जनगणना २०७८ अनुसार विश्लेषण गर्दा यहाँको साक्षरतादर ७६.४ प्रतिशत रहेको छ। जसमा महिलाको प्रतिशत ६९.९ र पुरुषको प्रतिशत ८४.१ रहेको छ। त्यसैगरी ३.८ प्रतिशत जनसंख्या अपाङ्गता भएको रहेको छ।

यस गाउँपालिकामा जम्मा ३८ विद्यालय रहेका छन्। जसमा ३७ वटा सामुदायिक र १ वटा संस्थागत विद्यालय रहेको छ। त्यसैगरी बालविकास केन्द्र ३५ वटा रहेको छ। जसमा ३० वटा स्वीकृत र ५ वटा गाउँपालिकाको स्रोतबाट सञ्चालित रहेका छन्। त्यसैगरी १ वटा प्राविधिक धार सञ्चालित विद्यालय रहेको छ।

## उद्देश्य

समतामुलक गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चततताको लागि शैक्षिक गुणस्तर सुधार मार्गचित्र २०७९ ले योगदान पुर्याउनेछ। उक्त मार्गचित्रका उद्देश्यहरु तपसिल बमोजिम रहेकाछन्।

- विद्यालयका सिकाइ उपलब्धि सुधारमा सहयोग गर्नु।
- विद्यालय शैक्षिक व्यवस्थापन तथा सुशासनको सुधारमा सहयोग गर्नु।
- शिक्षाका कार्यक्रमलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्नु।
- विद्यालय शिक्षाको सुधारको लागि स्रोतको खोजी र परिचालन गर्नु।
- विद्यालय शिक्षामा समुदाय र अभिभावकहरुको सहभागिता र अपनत्वमा वृद्धि गर्नु।
- अनुगमन र सुपरीवेक्षण संयन्त्रलाई सबलीकरण गर्नु।
- शिक्षा क्षेत्र विकासको लागि वार्षिक योजना तर्जुमा र बजेट विनियोजन गर्ने प्राथमिकीकरण गर्नु।

## प्रक्रिया

यो शैक्षिक गुणस्तर सुधार मार्गचित्र २०७९ को निर्माण तपसिल बमोजिम गरिएको छ।

- शैक्षिक गुणस्तर सुधार मार्गचित्र २०७९ को तयारको लागि मिति २०७९।११।०६ गते ६ सदस्य निर्माण कार्यदल गठन गरिएको।
- उक्त कार्यको लागि सुझाव तथा छलफलको लागि मिति २०७९।१२।१० गते विद्यालयका प्रअहरुसँग अन्तरक्रिया सम्पन्न गरिएको।

- शैक्षिक गुणस्तर सुधार मार्गचित्र २०७९ को तयारीका लागि पालिका स्तरीय वृहत शैक्षिक छलफल तथा अन्तरक्रिया सरोकारवालाहरुको सहभागितामा मिति २०७९।१२।११ गते गरिएको ।
- कार्यदलले शैक्षिक गुणस्तर सुधार मार्गचित्र २०७९ को तयारको लागि सरोकारवालाहरुबाट सुझाब संकलनका लागि प्रश्नावली फाराम विकास गरिएको ।
- प्रधानाध्यापकको नेतृत्वमा सबै विद्यालयमा मिति २०७९।१२।१८ गते सबै सरोकारवालाहरुको सहभागितामा विद्यालय स्तरीय वृहत शैक्षिक छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिएको ।
- वडा अध्यक्षको नेतृत्वमा सबै वडामा मिति २०७९।१२।२१ र २२ गते सबै सरोकारवालाहरुको सहभागितामा वडा स्तरीय वृहत शैक्षिक छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिएको ।
- कार्यदलले विदयालय तथा वडा स्तरमा भएको वृहत शैक्षिक छलफल तथा अन्तरक्रिया कार्यक्रम र प्राप्त सुचना संकलनको आधारमा मस्यौदा तयार गरिएको ।
- त्यसपश्चात कार्यदल भित्र उक्त मस्यौदा माथि छलफल गरिएको ।
- वडा अध्यक्ष,कार्यदल तथा विज्ञसहितको मिति २०७९/१२/२४ गते शैक्षिक छलफल तथा अन्तरक्रिया कार्यक्रम भएको र मस्यौदा तयार गरिएको।
- उक्त मस्यौदालाई मिति २०७९।१२।२५ गते वृहत शैक्षिक छलफल तथा अन्तरक्रिया कार्यक्रम माफर्त अन्तिमीकरण गरिएको ।
- उक्त दस्तावेजलाई गाउँ शिक्षा समितिको बैठकबाट कार्यपालिका बैठकमा पेस गरिएको र गाउँ कार्यपालिकाको मिति २०७९।१२।२५ गते बसेको बैठकले प्रमाणीकरण गरिएको ।

## प्रतिबद्धता

प्रतिबद्धता हाल प्रचलित ऐन कानुनमा रहि स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार रहेका शिक्षाका अधिकार भित्र रही विद्यालय स्तरमा कार्यान्वयन गर्ने धैरै कार्यहरु मध्ये शैक्षिक गुणस्तर सुधारका केहि अभ्यासका लागि **तलका ३५ प्रतिवद्धता** तयार गरिएको छ । उक्त प्रतिवद्धताको वार्षिक रुपमा समीक्षा गरी पुनरालोकन गरिने छ ।

### विद्यार्थी पहुँचको सुनिश्चितताका लागि (३)

- हरेक वर्षको शैक्षिक सत्रको पहिलो महिनाभित्र विद्यालय स्तरमा वि.व्य.स. र शि.अ.स. नेतृत्वमा एक कार्यदल निर्माण गरी **निश्चित फारामको** आधारमा **लक्षित वर्ग सम्म पुगी भर्ना अवस्थाको एकिन गरी भर्ना अभियानलाई सशक्त र सबल** बनाइनेछ ।
- विद्यालय जान नसक्ने वा भर्ना हुन नसक्ने बालबालिकाहरुको लागि भर्ना अभियानको तथ्यांकको आधारमा **सहयोग कार्यक्रम सञ्चालन** गरिनेछ र त्यसको लागि पालिका स्तरमा निश्चित **सघन भर्ना सहयोग कार्यक्रम** राखिनेछ ।

- शैक्षिक सत्रको सुरुमा नै अभिभावक शिक्षा भर्ना कार्यक्रमसँगै हरेक विद्यालयले विद्यालयमा वा समुदायमा निश्चित **अभिभावक शिक्षाको तालिम प्याकेज** अनुसार सञ्चालन गर्नेछ र उक्त कार्यक्रमको लागि **वडा वा स्थानीय तहबाट हरेक विद्यालयलाई निश्चित बजेट** प्रदान गरिनेछ ।

## सिकाइको लागि न्यूनतम वातावरणको सुनिश्चितताका लागि (३)

- गाउँपालिका भित्रका सबै बाल विकास तथा शिक्षामा कार्यरत सहजकर्ताको योग्यता **माध्यमिक तह उत्तीर्ण वा सो योग्यता नभएकालाई ९० घण्टा तालिम प्रदान गरी २ वर्षभित्र सुनिश्चित** गरिनेछ ।
- गाउँपालिका भित्रका सबै बाल विकास तथा शिक्षा सहित सबै तहको विद्यालय शिक्षामा **विद्यालय शिक्षा क्षेत्र योजनाले तोकेका न्यूनतम मापदण्डहरु क्रमागत रुपमा ४ वर्ष**भित्र पूरा गरिनेछ । त्यसको लागि सबै विद्यालयको न्यूनतम वातावरणको वार्षिक रुपमा **अवस्थाको पहिचान** गरी सोहि बमोजिम **वार्षिक कार्यक्रम तय** गरी कार्यान्वयन गरिनेछ ।
- विद्यालयले न्यूनतम मापदण्डहरु क्रमागत रुपमा पूरा गर्ने **लक्ष्यमा २५ प्रतिशत योगदान** गर्ने तथा पूरा भएका मापदण्डहरुको संरक्षण संवर्द्धन गर्ने **र वडा अध्यक्षको नेतृत्वमा त्यसको अनुगमन** गरी वार्षिक प्रतिवेदन पालिका समक्ष पेश गरिनेछ ।

## विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि (७ )

- विद्यालय तहका सबै कक्षामा कम लागत अर्थात् Low cost and no cost मा आधारित शिक्षण सिकाइ तथा सन्दर्भ सामग्री सहित व्यवस्थापन गरिनेछ । त्यसको लागि
  - ❖ बाल विकास केन्द्रमा ६ कुना स्थापना ।
  - ❖ कक्षा १ बाट ३ सम्म न्युनत्तम ४८ थान ।
  - ❖ कक्षा ४ बाट ५ सम्म न्युनत्तम ३८ थान ।
  - ❖ कक्षा ६ बाट ८ सम्म न्युनत्तम २८ थान ।
  - ❖ कक्षा ९ बाट १२ सम्म न्युनत्तम १८ थान ।
- शिक्षकले **पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको प्रयोग अनिवार्य** रुपमा गर्दै नवीनतम् विधि र प्रविधि मार्फत सिकाइ सहजीकरण गरिनेछ । सोको प्रयोग भए नभएको एकीन सम्बन्धित प्र.अ.ले गरी त्यसको प्रतिवेदन निश्चित ढाँचामा प्र.अ. बैठकमा पेश गरिनेछ ।
- ३ चोटीको परीक्षाको सट्टा सरकारले तोकेको मापदण्ड एकीकृत पाठ्यक्रम अनुसार **कक्षा १ बाट ३ सम्म थिमगत मूल्यांकन प्रणालीलाई** पूर्ण रुपमा कार्यान्वयनमा लगिनेछ । सोको प्रयोग भए नभएको एकीन सम्बन्धित प्र.अ.ले गरी त्यसको प्रतिवेदन निश्चित ढाँचामा प्र.अ. बैठकमा पेश गरिनेछ ।
- ३ चोटीको परीक्षाको सट्टा सरकारले तोकेको मापदण्ड अनुसार **कक्षा ४ बाट ८ सम्म ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत बाह्य** र **कक्षा ९ बाट १२ सम्म २५ प्रतिशत आन्तरिक र ७५ प्रतिशत बाह्य**

**मूल्यांकन प्रणाली पूर्ण रुपमा कार्यान्वयनमा** लगिनेछ । आन्तरिक मूल्यांकनको अंक प्रदान गर्दा विद्यार्थीकले गरेका सिकाइ कार्य **अभिलेख फाइलमा** पूर्ण रुपमा राखिनेछ । सोको प्रयोग भए नभएको एकीन सम्बन्धित प्र.अ.ले गरी त्यसको प्रतिवेदन निश्चित ढाँचामा प्र.अ. बैठकमा पेश गरिनेछ ।

- वार्षिक रुपमा विद्यालय स्तरमा विद्यालयले र पालिका स्तरमा शिक्षा शाखाले **विद्यार्थीको सिकाइ उपलब्धीको विभिन्न सूचकका आधारमा विश्लेषण गरी एक प्रतिवेदन** तयार गरिनेछ । उक्त प्रतिवेदनको आधारमा विद्यालय तथा पालिका स्तरमा **कम्तीमा १ दिन वार्षिक रुपमा छलफल तथा अन्तरक्रिया** गरी सुधारका कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- विद्यार्थीको सिकाइ उपलब्धि सुधारको लागि अनिवार्य रुपमा विद्यालयले **कक्षा ४ बाट १२ सम्म विद्यालयमा शिक्षण नभएको समयमा विद्यालयमा वा समुदाय स्तरमा नै अंग्रेजी, गणित र विज्ञान तथा प्रविधि सुधारात्मक कक्षा वर्षको ५ महिना** गरिनेछ । उक्त कार्यको लागि सम्बन्धित विद्यालयले विद्यार्थीका **अभिभावकहरुबाट आर्थिक सहयोग** लिन सक्नेछ ।
- हरेक शुक्रबार विद्यालयले **अतिरिक्त क्रियाकलाप** सञ्चालन गर्नु पर्नेछ र **विद्यार्थी प्रतिभा पहिचान, राष्ट्रपति रनिङ शिल्ड, आ.वि.स्तरीय हतुवागढी रनिङ शिल्ड** लगायतका अतिरिक्त क्रियाकलापमा सबै विद्यार्थीलाई समेट्ने गरी गाउँपालिकाले बजेट तथा कार्यक्रम बनाउनेछ ।

**शिक्षकको पेशागत विकास तथा सहयोग (६)**

- पालिकाले वार्षिक रुपमा सबै तहका **शिक्षकलाई छोटा अवधिका** सरकारले तय गरेको **पाठ्यक्रम र दक्ष प्रशिक्षकबाट** तालिम प्रदान गर्नेछ । उक्त तालिममा सहभागी भएका शिक्षकले आफ्नो विद्यालयमा गई सोही तालिमको बारे विद्यालयका अन्य **शिक्षकहरुलाई अनिवार्य रुपमा तालिम प्रदान** गर्नु पर्नेछ र उक्त कार्य भए नभएको एकीन गरी तालिम समापनको **१५ दिनभित्र त्यसको प्रतिवेदन प्र.अ.ले पालिकामा** पेश गर्नुपर्ने छ ।
- हरेक विद्यालयमा महिनाको कम्तीमा **१ दिन** सम्बन्धित विद्यालयले शिक्षण कार्यलाई बाधा नपर्ने गरी आफ्नो **विद्यालयको जनशक्ति वा नजिकको विद्यालय वा स्थानीय जनशक्तिको सहयोगमा शिक्षकको आवश्यकताको विषय वस्तुमा क्षमता विकास कार्यक्रम** सञ्चालन गर्नेछ ।
- महिनाको **१ पटक अन्तिम शुक्रबार** तोकिएको ढाँचामा **सिकाइ केन्द्रित शिक्षक/स्टाफ बैठक** सञ्चालन गरिनेछ ।
- शिक्षकको पेशागत सहयोगको लागि सम्बन्धित विद्यालयको **प्र.अ.ले मासिक रुपमा एक शिक्षकको कम्तीमा एक कक्षा अवलोकन गरी शिक्षकको पेशागत** सहयोग गर्नुपर्ने कुरालाई कार्यान्वयनमा लगिनेछ ।
- विद्यालयको प्र.अ.ले **शिक्षण कार्य पूर्व र समापन पश्चात** सबै शिक्षक तथा कर्मचारीको उपस्थितिमा दैनिक **शैक्षिक गतिविधिका बारेमा छोटो रुपमा जानकारी तथा समीक्षा** अभ्यासको थालनी गरिनेछ ।

- पालिका स्तरमा शिक्षकको पेशागत सहयोगका लागि **विषयगत रुपमा विज्ञ वा रोष्टर शिक्षक तयार** गरी आवश्यकता अनुसार परिचालन गरिनेछ ।

## विद्यालय व्यवस्थापन, सुशासन र नेतृत्व (१२)

- सबै सामुदायिक विद्यालयका **प्र.अ.को नियुक्ति शिक्षा नियमावली अनुसार** गरिनेछ । विद्यालयको शैक्षणिक तथा **शिक्षकको पेशागत सहयोगको लागि मुख्य जिम्मेवार** बनाइनेछ ।
- पालिकाले विद्यालयको **प्र.अ. सँग कार्यसम्पादन करार सम्झौता** गरी कार्यान्वयनमा लगिनेछ ।
- **वडास्तरीय अनुगमन समितिले** विद्यालयलाई निकासा गरिएको **बजेट तथा कार्यक्रमको** कार्य सम्पन्न प्रगतिको **स्थलगत अनुगमन** गरी उक्त कार्यक्रमको मूल्यांकन गरिनेछ ।
- सरकारले तोके बमोजिम नै **विद्यालय सुधार योजना, सामाजिक परीक्षण, लेखा परीक्षणलाई पूर्ण** रुपमा कार्यान्वयन गरिनेछ । उक्त कार्यको सघन रुपमा **शिक्षा शाखाबाट मूल्यांकन** गरी गुणस्तर एकिन गरिने र उक्त कार्यलाई **विद्यालयमा जाने निकासासँग** जोडिने अभ्यासमा लैजानेछ ।
- **शिक्षक सुत्केरी बिदामा** बसेको विशेष परिस्थितिमा सो **शिक्षकको सुत्केरी बिदा अवधिभर** उक्त पदमा **स्वयम सेवक शिक्षकको** व्यवस्था पालिका स्तरबाट गरिनेछ । सोका लागि पालिकाबाट **स्वयम् सेवक शिक्षकको सूची** तयार गरिनेछ ।
- **विद्यालयले** शिक्षा नियमावली २०५९ मा आधारित भई **शिक्षक तथा विद्यार्थीको आचारसंहिता बनाई हरेक विद्यालयमा** सबैले देखिने स्थानमा राख्ने र त्यसको बारेमा **सबैलाई अभिमूखीकरण** गरी कार्यान्वयनमा लगिनेछ ।
- विद्यार्थीको विद्यालय **जाने दूरी र समयलाई** मुख्य आधार बनाइ **न्यून विद्यार्थी संख्या** भएका विद्यालयलाई नयाँ शैक्षिक सत्र शुरु भएको **२ महिना**भित्र **कक्षा घटाउने वा बढाउने तथा विद्यालय समायोजन** गरिनेछ ।
- विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार दिवा खाजाको लागि **मासिक खाजा तालिका** तयार गरी **स्थानीय स्तरमा उत्पादित खाद्य** सामग्रीलाई **विद्यालयमा** खुवाइनेछ। उक्त कार्यको व्यवस्थापन तथा खाजाको **गुणस्तरको अनुगमन सम्बन्धित वडा अध्यक्षको नेतृत्व वा नीजले तोके बमोजिम** व्यक्ति, समूह वा समितिबाट गरिनेछ ।
- विद्यालयले शिक्षक तथा विद्यार्थीहरुलाई **परिचयपत्र अनिवार्य** रुपमा वितरण गरी प्रयोगमा लगिनेछ ।
- अभिभावकले आफ्ना बालबालिकाको **गृहकार्य अभिलेखको लागि गृहकार्य कापीको व्यवस्थापन** गरी अभ्यासका रुपमा कार्यान्वयनमा लगिनेछ ।
- गाउँ शिक्षा समितिले **एक निश्चित मापदण्ड तयार** गरी वार्षिक रुपमा **पालिकास्तरीय उत्कृट विद्यालय, शिक्षक र विद्यार्थीको घोषणा** गरी पुरस्कृत गरिनेछ ।

- विद्यालयको समग्र शिक्षा प्रणालीलाई थप सहयोगका लागि कम्तीमा **"एक विद्यालय एक अक्षयकोष"** र **शैक्षिक गुणस्तर सुधार सहायत सञ्जाल निर्माण** गरी स्रोतको खोजी गर्न अभिप्रेरित गर्दै स्रोत व्यवस्थापन गर्ने र त्यसको पारदर्शी रुपमा कार्यान्वयन गरिनेछ ।

## अनुमगन र सुपरीवेक्षण (४)

- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले **कम्तीमा हप्ताको एक पटक समय तालिका** निर्माण गरी विद्यालयको प्रशासनिक तथा शैक्षिक गतिविधिहरुको बारेमा अनुगमन तथा सुपरीवेक्षण गर्ने र सोको अभिलेख विद्यालयमा राखी **वि.व्य.स.को बैठकमा** त्यसको समीक्षा गरिनेछ ।
- **अभिभावकले** पनि **नियमित रुपमा विद्यालय** भ्रमण गरी आफ्ना बालबालिकाहरुको सिकाइ अवस्थाको बारेमा छलफल गर्ने । उक्त उपस्थिति विद्यालयको **रेकर्ड पुस्तिकामा जनाउने** र उच्च सहभागीता भएका अभिभावकलाई **वार्षिक रुपमा सम्मान गरिने अभ्यासको** सुरुवात गरिनेछ ।
- विद्यालयका **गतिविधिहरुको समग्र पक्षको अनुगमन तथा सुपरीवेक्षणका** लागि शिक्षाका प्राविधिक जनशक्ति र जनप्रतिनिधिसहित रहने गरी पालिका स्तरीय **एक अनुगमन तथा सुपरीवेक्षण संयन्त्र** तयार गरी उक्त संयन्त्रका सदस्यहरुबाट **कम्तीमा दुई महिनामा एक पटक एक विद्यालयमा** अनिवार्य रुपमा अनुगमन गरी सोको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश तथा छलफल गरिनेछ ।
- **शैक्षिक गुणस्तर सुधार मार्गचित्रको** कार्यान्वयनको प्रगति **निश्चित सूचकको आधारमा** वार्षिक रुपमा चैत्र महिनामा गरिनुका साथै उक्त प्रगतिको **समीक्षा पालिका स्तरमा १ दिन कार्यक्रम** सञ्चालन गरी उत्कृष्ट कार्यान्वयन गर्ने **विद्यालयलाई पुरस्कृत** गरिनेछ ।

हटुवागढी शैक्षिक गुणस्तर सुधार मार्गचित्र २०७८

"हामी सबैको एउटै ध्यान, गुणस्तर शिक्षा असल ज्ञान"

# शौक्षिक गुणस्तर सुधार घोषणा पत्र –२०७६

## हतुवागढी गाउँपालिका

## घोडेटार, भोजपुर

मिति २०७६ साल भाद्र महिनाको २३ गते देखि २८ गते सम्म शौक्षिक गुणस्तर सम्बन्धमा सरोकारवालाहरुसँगको अन्तरक्रिया कार्यक्रमका सहभागीहरुबाट आएका सुझावहरुको आधारमा देहायका विभिन्न सरोकारवालाहरुको प्रतिवद्धता सहित जारी गरिएको शौक्षिक गुणस्तर सुधार घोषणा-पत्र ,२०७६ ।

## गाउँपालिकाको भूमिका तथा जिम्मेवारी

१. नीति निर्माण गर्ने ।
२. स्रोत साधनको व्यवस्थापन गर्ने ।
३. अनुगमन मूल्याङ्क निर्देशन, नियन्त्रण गर्ने ।
४. पुरस्कार तथा दण्डको कार्यान्वयन गर्ने ।
५. अपूग जनशक्तिको व्यवस्थापन गर्ने।
६. आवश्यकता अनुसार ई.सि.डी., घुम्ति विद्यालय ,स्कुल भ्यान तथा सामुदायिक आवासीय विद्यालयको संचालन गरी विद्यालय संख्या तथा शिक्षक दरबन्दी थप घट गर्ने।
७. प्रध्यानाध्यापकसँग कार्य सम्पदान सम्झौता गर्ने सूचक तयार गरी लागू गर्ने गराउने।
८. शैक्षिक क्यालेण्डर निर्माण गरी लागू गर्ने ।
९. सरोकारवालाहरुसँग अर्धवार्षिक रुपमा समीक्षा गर्ने ।
१०. विपन्न तथा जेहेन्दार विद्यार्थीको लागि छात्रवृत्ति व्यवस्थापन गर्ने ।
११. गाउँपालिका क्षेत्र भित्रका सबै विद्यालयहरुमा थप विषयको पठन-पाठनको लागि विद्यालयको आन्तरिक श्रोतबाट शिक्षक राख्नको लागि विद्यालयले लिन सक्ने शुल्कको निर्धारण गरिदिने ।
१२. ई-लर्निङ्ग व्यवस्थापन गर्ने आवश्यक पूर्वाधार तयारीको लागि समन्वय र सहयोग गर्ने।
१३. ई-लाईब्रेरी तथा ई-लर्निङ्ग कक्षा संचालनको लागि १ जना सूचना प्रविधि (IT) घुम्ति शिक्षकको व्यवस्था गर्ने।
१४. विद्यालयको शिक्षण सिकाई तथा व्यवस्थापन सूचना प्रविधि मैत्री बनाउन आवश्यक सहयोग गर्ने।
१५. आवस्यक्ताको आधारमा शिक्षक कर्मचारीहरुको आवश्यक व्यवस्था गर्ने ।
१६. सगरमाथा टिन्स कल्व तथा बाल कल्वहरुलाई प्रभावकारी बनाउने ।
१७. प्रधानाध्यापक लाई प्रोत्साहन भत्ता संहित कार्यसम्पादन सम्झौता गरी बिषेश जिम्मेवार तथा जवाफदेही बनाउने ।
१८. प्रत्येक वडामा अभिभावक सँग शैक्षिक गुणस्तर सम्बन्धमा अन्तरक्रिया गर्ने ।

१९. स्थानीय पाठ्यक्रम तर्जुमा गरी लागू गर्ने ।
२०. आवस्यक्ता अनुशार शैक्षिक परामर्श समिति गठन गर्ने ।
२१. अतिरिक्त समय काम गर्ने (उत्कृष्ट) शिक्षक कर्मचारीहरुको लागि सट्टा बिदा साझेदारीमा शौक्षिक अवलोकन भ्रमणको व्यवस्था मिलाउने।
२२. विद्यालयको भौतिक व्यवस्थापनमा आवश्यक सहयोग गर्ने ।
२३. शैक्षिक जनशक्ति व्यवस्थापनमा क्षमता विकास तालिम, गोष्ठी संचालन गर्ने ।
२४. फरक क्षमताका बालबालिका र विद्यार्थीको आवश्यक व्यवस्थापन गर्ने ।
२५. संस्थागत विद्यालयको उचित व्यवस्थापन गर्ने।
२६. विद्यालयको जोनिङ्ग र नक्साङ्कन स्वतन्त्र र वस्तुगत आधारमा गर्ने ।
२७. विद्यालयमा (गाउँ शिक्षा सेवा अभियान) यमसेवक परिचालनको नीति बनाउने ।अन्तरगत स्व
२८. गाउँपालिका स्तरीय एक सामुदायिक पुस्तकालय स्थापना गर्ने।
२९. बालमैत्री पूर्वाधार ( फर्निचर, कक्षाकोठा, शौचालय, खेलमैदान, कम्पाउण्ड ) निर्माण गर्ने ।
३०. प्रत्येक तहका विद्यालयहरुको बार्षिक नतिजा विश्लेषण कम्तिमा एक पटक गर्ने गराउने
३१. संघ, प्रदेश, स्थानीय सरकार र अन्य सरोकारवालासँग आवश्यक समन्वय गर्ने ।
३२. कानुनले निर्दिष्ट गरेका आवश्यक अन्य काम गर्ने ।

## राजनितिक दलको भूमिका तथा जिम्मेवारी

१. विद्यालय शान्ति क्षेत्र कार्यान्वयनका लागि आवश्यक सहयोग गर्ने ।
२. शैक्षिक गुणस्तर सुधारमा जिम्मेवारपूर्ण भूमिका निर्वाह गर्ने ।
३. नीति निर्माण तथा कार्यान्वयन गर्न आवश्यक सहयोग गर्ने ।
४. शिक्षाको पहुँच भन्दा बाहिर रहेका बाल बालिकाहरुलाई विद्यालय जाने वतावरण तयार गर्ने ।
५. अन्य आवश्यक सहयोग गर्ने ।

## शिक्षाप्रेमी, समाजसेवी र संघ संस्थाहरुको भूमिका तथा जिम्मेवारी

१. सामाजिक भावना विकासको लागि चेतनामूलक तालिम गोष्ठी आदि कार्यक्रमको संचालन गर्ने ।
२. आर्थिक, भौतिक, सामाजिक सहयोग गर्ने ।
३. नीति निर्माण र कार्यान्वयनमा सहयोग गर्ने ।
४. बौद्धिक क्षमता तथा अनुभवलाई समेटी सम्बन्धित सरोकारवाला क्षेत्रमा पृष्ठपोषण दिने ।
५. शिक्षा क्षेत्रमा देखा पर्ने विकृती बिसँगतिहरुलाई पहिचान गरी सरोकारवाला समक्ष सूसुचित गर्ने ।
६. शिक्षाको पहुँच भन्दा बाहिर रहेका बाल बालिकाहरुलाई विद्यालय जाने वतावरण तयार गर्ने ।
७. अन्य आवश्यक सहयोग गर्ने।

## विद्यालय व्यवस्थापन समिति भूमिका तथा जिम्मेवारी

१. विद्यालयको अभिभावकत्व ग्रहण गर्ने ।
२. विद्यालयको नियमित अनुगमन गर्ने ।
३. नियमित मासिकं बैठक गर्ने ।
४. शैक्षिक गुणस्तर सम्बन्धमा त्रैमाषिक अन्तरक्रिया तथा समीक्षा गर्ने ।
५. स्रोतसाधनको व्यवस्थापनमा आवश्यक पहल गर्ने ।
६. प्रअ . शिक्षक, विद्यार्थी र अभिभावकको अन्तरसम्बन्ध स्थापनाको लागि सहयोग गर्ने ।
७. सरकार, जनप्रतिनिधि तथा अन्य सरोकारवाला कार्यालय संघ संस्था सँग समन्वय गर्ने ।
८. जनशक्ति व्यवस्थापन गर्ने ।
९. गुणस्तरीय शैक्षिक वातावरण निर्माणको लागि प्रमुख भूमिका निर्वाह गर्ने ।
१०.शैक्षिक योजना तर्जुमामा सहयोग गर्ने ।
११.समस्या पहिचान गरी समाधानको पहल गर्ने ।
१२.अक्षयकोषको स्थापनाको पहल गर्ने ।
१३.शैक्षिक गुणस्तरका लागि सहयोग जुटाउन आवश्यक पहल गर्ने ।
१४.ऐन तथा नियमावली मा (कानुन)तोकिएको कार्य गर्ने गराउने ।
१५.अन्य आवश्यक सहयोग गर्ने ।

## शिक्षक महासंघको भूमिका तथा जिम्मेवारी

१. नीति निर्माण तथा कार्यान्वयनमा सहयोग गर्ने ।
२. गुणस्तरीय शिक्षाको लागि उदाहरणीय/ अनुकरणीय योगदान गर्ने ।
३. सवै सरोकारवालाहरुबीच सेतुको काम गर्ने ।
४. शिक्षक, कर्मचारी तथा शैक्षिक समस्या समाधानका लागि सहयोग गर्ने ।
५. अन्य आवश्यक सहयोग गर्ने।

## प्रधानाध्यापकको भूमिका तथा जिम्मेवारी

१. कुशल नेतृत्व तथा व्यवस्थापकको भूमिका निर्वाह गर्ने ।
२. विद्यालयको शैक्षणिक योजना निर्माण तथा कार्यान्वयन गर्ने गराउने ।
३. आर्थिक योजना तर्जुमा, अनुशासन, पारदर्शीता कायम गर्ने गराउने ।
४. विद्यालयको भौतिक सम्पतिको अभिलेखीकरण गरी संरक्षण गर्ने गराउने ।
५. कार्यसम्पादन सम्झौता अनुरुपका शैक्षिक गुणस्तर सम्बन्धी कार्य गर्ने गराउने ।
६. शिक्षक, कर्मचारी र विद्यार्थीमा अनुशासन कायम गराउने तथा समन्वय गर्ने गराउने ।
७. विभिन्न सरोकारवालाहरु सँग समन्वय गर्ने ।

८. सम्बन्धित पदले गर्ने भनि विभिन्न ऐन कानुनमा उल्लेखित कार्य गर्ने गराउने ।
९. शिक्षक तथा कर्मचारीहरुलाई पुरस्कार र दण्डको लागि मूल्याङ्कन गरी सिफारिस गर्ने ।
१०. विद्यालय हाता र कक्षा कोठामा अनावश्यक मोवाईल प्रयोगमा नियन्त्रण गर्ने गराउने ।
११. शुक्रवार अतिरिक्त क्रियाकलाप गर्ने अथवा पूर्ण कक्षा संचालन गर्ने ।
१२. मासिक रुपमा अनिवार्य स्टाफ बैठक बस्ने।
१३. सबै विद्यार्थीलाई उपस्थिति, प्रगति विवरण, शुल्क र कार्य विवरण पुस्तिकाको व्यवस्था गर्ने ।
१४. सबै आबि. मा बि मा कराते तेक्वान डो, उशु, लगायतका खेलहरु समावेश गर्ने।
१५. शिक्षक, कर्मचारीहरुको कार्य विवरण (TOR) तयार गरी लागू गर्ने ।
१६. स.प्र.अ. तथा विङ्ग / लेवल ईन्चार्जको व्यवस्थापन गरी जिम्मेवारी प्रदान गर्ने।
१७. ऐन तथा नियमावली (कानुन) मा तोकिएको कार्य गर्ने गराउने ।
१८. अन्य आवश्यक कार्य गर्ने ।

## शिक्षकको भूमिका तथा जिम्मेवारी

१. पाठयोजना अनुसार विद्यार्थी केन्द्रित शिक्षण गर्ने ।
२. समयको पूर्ण पालना गर्ने ।
३. समयानुकूल प्रविधिको प्रयोग तथा शैक्षिक सामाग्री को प्रयोग गरी शिक्षण गर्ने ।
४. पेशा प्रति सम्मान हुने गरी बफादार भई कार्य गर्ने ।
५. प्र.अ., आफ्नो विषय र जिम्मेवारी प्रति उत्तरदायी हुने ।
६. बहुप्रतिभा सहितको सृजनात्मकतालाई अधिकतम् प्रयोग गर्ने ।
७. आदर्श शिक्षकको भूमिका निर्वाह गर्ने ।
८. विद्यार्थी र अभिभावक बिचको सेतुको काम गर्ने ।
९. अनुशासन कायम गर्न आवश्यक भूमिका निर्वाह गर्ने ।
१०. ऐन तथा नियमावली (कानुन)मा तोकिएको कार्य गर्ने गराउने।
११. अन्य आवश्यक कार्य गर्ने ।

## विद्यार्थीको भूमिका तथा जिम्मेवारी

१. विद्यालयमा नियमित, समयमा र समयसम्म अनिवार्य उपस्थित हुने ।
२. प्रत्येक कक्षामा बसी कक्षाकार्य, परियोजनाकार्य र गृहकार्य अनिवार्य गर्ने।
३. पोशाक र परिचय पत्र अनिवार्य लगाउने ।
४. अनुशासन र आचारसंहिता पालना गर्ने ।
५. अतिरिक्त क्रियाकलापमा अनिवार्य सहभागी जनाउने ।

६. बाल क्लब गठन गरी बालक देखि बालक सम्मको (Child to child) र बाल अधिकारका कार्यक्रम संचालन गर्ने ।

## अभिभावकको भूमिका तथा जिम्मेवारी

१. बालबालिकाहरुलाई नियमित समयमा र समयसम्म विद्यालय पठाउने गर्ने ।
२. आवश्यक शैक्षिक सामाग्रीको प्रबन्ध गर्ने ।
३. दिवा खाजाको व्यवस्था गर्ने ।
४. घरमा पढ्ने वातावरणको सृजना गर्ने ।
५. समय समयमा विद्यालयमा गई शैक्षिक अवस्थाको प्र.अ. र विषयगत शिक्षकसँग जानकारी लिने।
६. अभिभावक बैठक, भेला र गोष्ठीमा अनिवार्य सहभागीता जनाउने ।
७. बालबालिकालाई लागू पदार्थ, कुलत र दुर्व्यसनको निगरानी गर्ने ।
८. बालबालिकालाई मोवाईलको सहि सदुपयोग गर्न सचेत गराउने ।
९. विद्यालयको शैक्षिक भौतिक वातावरण निर्माणमा सहयोग पुर्याउने।

हटुवागढी शैक्षिक गुणस्तर सुधार मार्गदर्शन २०७९

फोटोहरु


शैक्षिक गुणस्तर सुधार मागचित्र २०७९
वृहत छलफल तथा अन्तरक्रिया कार्यक्रम-२०७९
मितिः -२०७९/१२/२५
स्थानः -गाउँ कार्यपालिका कार्यालय, घोडेटार, भोजपुर
आयोजक
हतुवागढी गाउँपालिका
गाउं कार्यपालिकाको कार्यालय, घोडेटार, भोजपुर
शिक्षा, युवा तथा खेलकुद शाखा




शैक्षिक गुणस्तर सुधार मार्गचित्र


शैक्षिक गुणस्तर सुधार मार्गचित्र














गुणस्तर सुधार मार्गचित्र


गुणस्तर सुधार मार्गचित्र